# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक २९६ | बुटवल | २०८१ कार्तिक १३, गते मंगलबार | नेपाल संवत ११४४ | Tuesday Oct. 29, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१


# ‘प्रदेशलाई अधिकार नदिंदा जनस्तरमा वितृष्णा’

प्रदेश सांसद उम्मेदवारको टिकट वितरणको अधिकार प्रदेश समितिलाई, पालिका प्रमुख/उप-प्रमुख उम्मेदवार छनोटको अधिकार जिल्ला समितिलाई र वडाका जनप्रतिनिधि उम्मेदवार छनोटको अधिकार पालिका समितिलाई दिए मात्रै संघीयता कार्यान्वयन हुने ।

**लुम्बिनी संवाददाता**

*बुटवल*

नेपाली कांग्रेस लुम्बिनीका प्रदेश सभापति अमरसिंह पुनले प्रदेश सरकार र पार्टीहरुका प्रदेश समितिलाई पूर्ण अधिकार नदिने हो सबै प्रदेश संरचना खारेज गर्नुपर्ने बताएका छन् ।

केन्द्र सरकारले प्रदेश सरकारलाई तथा पार्टीका केन्द्रीय कमिटी र शीर्ष नेताहरुले प्रदेश समितिलाई अधिकार नदिएको गुनासो गर्दै सभापति पुनले यस्तै अवस्थामा प्रदेश संरचनाले काम गर्न नसक्ने भएकाले खारेज गरे हुने बताए ।

नेपाली कांग्रेस लुम्बिनी प्रदेश समितिले सोमबार बुटवलमा गरेको पत्रकार सम्मेलनमा सभापति पुनले संविधानले तोकेका अधिकार प्रदेश सरकारलाई दिन केन्द्र सरकारले कन्जुस्याई गरेको र प्रदेशको मुख्यमन्त्री र मन्त्री छनोटमा केन्द्रीय समितिले प्रदेश समितिसँग छलफल समन्वय केही नगरी पूरै बाइपास गर्दा प्रदेश संरचनाको औचित्यमाथि प्रश्न उठेको सभापति पुनले बताए ।

‘एकातिर केन्द्र सरकारले प्रदेश सरकारलाई दिनुपर्ने अधिकार दिन आनाकानी गरिरहेकोछ, अर्कोतिर प्रदेशको मुख्यमन्त्री र मन्त्री नियुक्तिमा पनि पार्टीका केन्द्रीय नेताहरुबाटै निर्णय हुन्छ भने प्रदेश सरकार र प्रदेश समितिहरुको के काम, के औचित्य भयो ?,’-प्रश्न गर्दै सभापति पुनले भने-‘कांग्रेसमा मात्र हैन अरु पार्टीहरुमा पनि प्रदेश समितिलाई निर्णयको अधिकार दिनपार्टीहरुतयार छैनन्, यस्तै अवस्था रहे म सभापति पदबाट राजीनामा दिएर प्रदेशलाई अधिकार दिलाउन सडकमा आउँछु ।’

केन्द्र सरकार र दलहरुको केन्द्रीकृत मानसिकताका कारण प्रदेश संरचनाप्रति जनस्तरमा वितृष्णा र निराशा बढेको सभापति पुनले बताए । ‘लुम्बिनीका पालिकाहरुमा चलिरहेको पालिका संवाद कार्यक्रममा कार्यकर्ता र जनस्तरबाट प्रदेश संरचनाको काम छैन,’ उनले भने-‘खारेज गर्नुपर्छ भन्ने बलियो आवाज उठेको छ, तर मैले प्रदेश सरकार र प्रदेश समितिलाई निर्णयको अधिकार दिने हो भने बल्ल प्रदेशका काम देखिन्छ र प्रदेशवासीले अपनत्व लिन थाल्छन् भनेर सम्झाएको छु ।’ मन्त्री छनोटमा प्रदेश समितिलाई बाईपास गर्दा मन्त्रीहरूले आफूलाई केन्द्रका नेताले बनाएका हुन्, प्रदेश समितिलाई किन महत्व दिने भन्ने मानसिकता विकास हुन गई समन्वयमा कमी भएको पुनले औंल्याए ।

सभापति पुनले प्रदेश सांसद उम्मेदवारको टिकट वितरणको अधिकार प्रदेश कमिटीलाई, पालिका प्रमुख/उप-प्रमुख उम्मेदवार छनोटको अधिकार जिल्ला समितिलाई र वडाका जनप्रतिनिधि उम्मेदवार छनोटको अधिकार पालिका समितिलाई दिए मात्रै संघीयता कार्यान्वयन हुने बताए ।

प्रदेश सरकार र प्रदेश कमिटीलाई अधिकार दिनुपर्ने विषयमा आफूले केन्द्रीय समितिलाई लिखित पत्र बुझाइसकेको, तर जवाफ नआएको पुनले बताए ।



**सहकारी ठगीमा कांग्रेसकै नेतामाथि पनि अनुसन्धान हुनुपर्छ**

प्रदेश सभापति पुनले सहकारी ठगी प्रकरणमा प्रतिपक्षमा रहेका नेतामाथि मात्र नभई प्रश्न उठेका कांग्रेस र सत्ता पक्षका नेताहरु सबैमाथि अनुसन्धान हुनुपर्ने बताए ।

मुलुकको आर्थिक अवस्था तहसनहस भएको औल्याउँदै सभापति पुनले सरकारको ध्यान अर्थतन्त्र सुधार गर्न र नागरिकका जनजीविकाका सवालमा केन्द्रित हुनुपर्ने सुझाव दिए ।

सरकारमा रहेका मन्त्रीहरुले आफ्नो निर्वाचन क्षेत्रमा मात्रै योजना र वजेट खन्याउने परिपाटीले विकासमा असन्तुलन देखिएको भन्दै सभापति पुनले ७५३ वटै पालिकाको गुरुयोजना बनाई आवश्यकताका आधारमा मात्रै योजना छनोट गरिनुपर्ने बताए ।

‘सरकार र मन्त्रीपिच्छे योजनामाथि योजना थपिंदा समयमा पूरा नहुने, बजेटको दुरुपयोग हुने र सन्तुलित विकास नहुने अवस्था अन्त्य गरी समानुपातिक विकासको मोडलमा जानुपर्छ ।’-सभापति पुनले भने ।

संसदलाई छलेर दल विभाजन सहज हुने गरी अध्यादेश ल्याउन खोजिनु राम्रो नभएको सभापति पुनले बताए ।

» *बाँकी ३ पेजमा*

## भाइटीकाको साइत ११ बजेर ३७ मिनेटमा



बुटवल । भाइटीकाको साइत बिहान ११ बजेर ३७ मिनेटमा रहेको नेपाल पञ्चाङ्ग निर्णायक समितिले जनाएको छ ।

यस वर्षको तिहारमा भाइटीका १८ कात्तिक आइतबार परेको छ । समितिका अनुसार त्यस दिन बिहान ११ बजेर ३७ मिनेट भाइटीकाका लागि उत्तम साइत छ ।

१४ गते काग तिहार, १५ गते कुकर तिहार परेको छ । त्यही दिन साँझ लक्ष्मीपूजा हुनेछ । १६ गते औंशी छ भने १७ गते शनिबार गाई गोरु तिहार परेको पाञ्चाङ्ग निर्णायक समितिले बताएको छ ।

## ‘दानको जग्गामा पार्टी कार्यालय नबनाउन अन्तरिम आदेश’

काठमाडौं । सर्वोच्च अदालतले व्यवसायी मीनबहादुर गुरुङबाट दानमा लिएको जग्गामा पार्टी कार्यालय भवन निर्माण तत्काल अघि नबढाउन आदेश दिएको छ ।

न्यायाधीश सुनिलकुमार पोखरेलको इजलासले यो विवादमा रिट निवेदक ज्ञान बस्नेतसमेत र विपक्षी नेकपा एमाले, व्यवसायी मीनबहादुर गुरुङलाई छलफलमा बोलाएको छ ।

अन्तरिम आदेशका लागि हुने उक्त छलफलअघि पार्टी कार्यालय भवन निर्माण यथास्थितिमा राख्ने अल्पकालीन अन्तरिम आदेश जारी भएको हो । सर्वोच्च अदालतका प्रवक्ता अच्युत कुइकेलले आदेशको लिखित रुप प्राप्त भइनसकेको बताए ।

सर्वोच्च अदालतले जग्गा दाता मीनबहादुर गुरुङ र लिने एमालेलाई त्यसको कारण देखाउन माग गरेको छ ।

गत दसैंको फूलपातीको दिन कलंकीमा एमाले पार्टी कार्यालयको शिलान्यास भएको थियो, त्यहाँ उपस्थित व्यवसायी मीनबहादुर गुरुङले आफूले एमालेलाई जग्गा दान दिएको र एक वर्षभित्र भवन पनि बनाइदिने घोषणा गरेका थिए । यो घटना सार्वजनिक भएपछि एमालेको चर्को आलोचना भइरहेको छ । अधिवक्ता ज्ञानबहादुर बस्नेत समेत ३ जनाले निर्णय खारेजीको माग राख्दै सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गरेका थिए ।

ट्रान्सपरेन्सी इन्टरनेसनल नेपालले प्रेस विज्ञप्ति निकालेर विवादास्पद व्यापारीबाट झण्डै एक अर्ब मूल्यको जग्गा र भवन दान लिनुले भ्रष्टाचारलाई पक्षपोषण गर्ने बताएको छ ।

जग्गा दान दिने भाटभटेनी सुपर मार्केटका मालिक गुरुङ नक्कली भ्याट बिल प्रकरणमा दोषी प्रमाणित भई जरिवाना तिरेका थिए भने ललिता निवास जग्गा प्रकरणमा समेत अभियुक्त हुन् । उनीमाथिको मुद्दा अदालतमा विचाराधीन छ । उनी २ करोड धरौटीमा छुटेका व्यक्ति हुन् ।

### विन्दा र उषाको स्पष्टीकरण :

## कारबाही आवश्यक छैन

काठमाडौं । नेकपा एमालेका स्थायी कमिटी सदस्य बिन्दा पाण्डे र केन्द्रीय सदस्य उषाकीरण तिम्सेनाले पार्टीलाई स्पष्टीकरण पत्र बुझाएका छन् ।

महासचिव शंकर पोखरेलले एक साताको समय दिएर पाण्डे र तिम्सेनालाई स्पष्टीकरणपत्र पठाएका थिए । व्यापारी मीनबहादुर गुरुङबाट जग्गा सहित केन्द्रीय कार्यालय भवन दानमा लिने निर्णयको विरोधमा पाण्डे र तिम्सेनाले सार्वजनिक टिप्पणी गरेका थिए ।

अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीले शिलान्यास गरिसकेको भवनबारे सार्वजनिक टिप्पणी गरेको भन्दै सचिवालय बैठक राखेरै उनीहरुसँग स्पष्टीकरण सोध्ने निर्णय गरिएको थियो ।

तर स्थायी कमिटी सदस्य पाण्डे र केन्द्रीय सदस्य तिम्सेनाले आफूहरुमाथि कारबाही गरिनुपर्ने आवश्यकता नरहेको जवाफ पठाएका छन् । ‘दान दिने व्यापारीबारे सचिवालय बैठकमा जानकारी नदिइएको भनेर पार्टीकै पदाधिकारीहरुले मिडियमा बोलेको विषयमाथि मैले टिप्पणी गरेको हुँ,’ स्पष्टीकरणपत्रको जवाफबारे पाण्डेले भनिन्-‘मैले बोलेको कुरा मेरो व्यक्तिगत हो, त्यसैले कारबाही गर्न आवश्यक छैन भनेर जवाफ पठाएको छु ।’

तर व्यापारीबाट दानमा कार्यालय लिन नहुने अडानमा कायमै रहेको उनले बताइन् । ‘सामाजिक सञ्जालमा जे लेखेको हुँ, त्यसैलाई व्याख्या गरेको छु ।’-पाण्डेले भनिन् ।

केन्द्रीय सदस्य तिम्सेनाले पनि आफ्नो अभिव्यक्तिले पार्टीलाई अहित नगरेको बताइन् । ‘मैले जे बोलेको हुँ, त्यो कुराले पार्टीको मर्यादा घट्दैन, बढ्छ,’ तिम्सेनाले भनिन्-‘एमालेको ओज बढाउने कुरा गर्दा मलाई कारबाही गर्नु आवश्यक छैन ।’

आफ्नो अभिव्यक्तिले पार्टीलाई पारदर्शी र जवाफदेही बनाउन सहयोग पुग्ने तर्क जवाफमा दिएको उनले बताइन् । ‘एमाले पारदर्शी भएन भने यो देश पारदर्शी हुँदैन । त्यसैले जवाफदेही र पारदर्शी बनाउनुपर्छ भनेको हुँ ।’- जवाफबारे उनले भनिन् ।

## बुटवल-नारायणगढ सडकमा अत्याधुनिक सिसीटिभी क्यामेरा

नवलपुर । नारायणगढ-बुटबल सडक खण्डमा अत्याधुनिक सीसी क्यामेरा जडान गरिने भएको छ । सीसी क्यामेरा नहुँदा दुर्घटनाका कारण पत्ता लगाउन र दुर्घटनापछि फरार हुनेहरुको खोजी गरी अनुसन्धान गर्न सजिलो हुने भएकाले जिल्ला प्रहरी कार्यालयले अत्याधुनिक क्यामेरा जडान गर्ने तयारी गरेको हो ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक जेसी शाहले चालक र गाडीको गतिसमेत डिटेक्ट गर्ने एनपीआर क्यामेरा जडान गर्ने तयारी गरिएको जानकारी दिए । उनका अनुसार एउटा क्यामेराको मूल्य एक लाख २५ हजार रुपैयाँ पर्छ ।

उक्त रकम जिल्लाका पालिकाबाट प्राप्त हुने र कुन पालिकाले कति रुपियाँ दिने भन्ने विषयमा प्रमुख जिल्ला अधिकारीसहितको छलफलबाट तय हुने उनले जानकारी दिए ।

बाटो विस्तारका क्रममा रहेकाले अहिले नारायणघाट-बुटवल सडक खण्डमा राखिएका क्यामेराहरु हराएका र केही बिग्रेको अवस्थामा छन् । हाल दुम्कीबाटमा एउटा मात्र सीसी क्यामेरा रहेको प्रहरीले जनाएको छ ।

यसअघि बाटो विस्तारको काम पूर्णरुपमा सकिएपछि मात्र क्यामेरा जडान गर्ने भनिए पनि बाटो विस्तारको काम सम्पन्न हुन समय लाग्ने देखिएपछि शहर बजारमा सडक बनेको ठाउँमा क्यामेरा जडान गरिने भएको हो ।

हाल सडक विस्तार भएका ठाउँमा अत्यधिक गतिमा सवारी साधन चलाउने गरिएकाले त्यसले दुर्घटना निम्त्याउन सक्ने भन्दै प्रहरीले गति सीमित गर्न पनि चालकलाई आग्रह गरेको छ ।

प्रहरी नायव उपरीक्षक शाहले व्यक्तिगत प्रयोजनका लागि विभिन्न पसलमा राखेका क्यामेरामध्ये एउटा क्यामेरा सडकतर्फ फर्काएर राखी प्रहरीलाई सहयोग गर्न आग्रह गरे ।




## सम्पादकीय

# अवैध आयात रोक

खुला सीमाबाट हुने अवैध आयात रोक्न ध्यान नदिँदा नेपाली कुखुरापालक किसान मारमा परेका छन् । बेलाबखत कुखुराको अवैध आयात रोक्न पहल गर्ने प्रहरीले अहिले बेवास्ता गर्न थालेको छ । प्रहरीले बेवास्ता गर्दा यहाँ भइरहेको व्यवसायिक कुखुरापालन जोखिममा परेको छ ।

कुखुरापालक किसान संघ रूपन्देहीका अनुसार, भारतसँग सीमा जोडिएका नवलपरासी, रूपन्देही र कपिलवस्तुका दक्षिणी क्षेत्रका विभिन्न नाकाबाट रूपन्देहीमा मात्रै दैनिक करिब ३० क्विन्टल कुखुरा भारतबाट अवैध रुपमा भित्रिएको छ । भारतमा चल्ला, दाना र औषधीको मूल्य नेपालमा भन्दा धेरै सस्तो हुने भएकाले भारतीय कुखुराको मूल्य स्वतः सस्तो छ । सस्तो कुखुरा भारतबाट निर्वाध आउन दिनु भनेको नेपाली किसानलाई पलायन हुन बाध्य पार्नु हो । स्वदेशमै कृषि उद्यम गरेर बसेका किसान पलायन हुँदा उनीहरु जाने भनेको खाडी मुलुकमा हो । वैदेशिक रोजगारीले मुलुकमा युवा बस्नै नसक्ने अवस्था आएको र यो अवस्थालाई कसरी फेर्न सकिन्छ भनेर बहस र छलफल चलिरहेका बेला भारतीय अवैध आयात हुनु गलत हो ।

कुखुराको मासु र अण्डा निर्वाध आयात हुँदा त्यसले बर्डफ्ल्यूको जोखिम हुनसक्छ । विगतमा बर्डफ्ल्यूको महामारीका बेला आयात नियन्त्रण गरिएको थियो । बर्डफ्ल्यू विरुद्धको अभियानका बेला भारतीय सेतो अण्डा नियन्त्रण गरिएको थियो । भारतीय अण्डा आयात बन्द गरी नेपाल अण्डामा आत्मनिर्भर भएको थियो । कुखुरापालनमा पनि सानादेखि ठूला व्यवसायी संलग्न भइरहेका बेला कोभिड महामारीले साना व्यवसायी विस्थापित भइसकेका छन् । मारमा परेका ठूला व्यवसायी पनि विस्तारै तंग्रिन थालेका बेला अवैध आयात रोक्नुपर्छ ।

अवैध आयातले कुखुरा व्यवसाय धराशायी हुन्छ नै, त्यसले समाजमा अपराधजन्य क्रियाकलाप पनि मौलाउँछ । नागरिकले सरकार भएको अनुभूति गर्ने हो भने नागरिक सरोकारका सवालमा सरकार संवेदनशिल हुन आवश्यक छ । विगतमा अवैध कुखुरा नियन्त्रण गर्न चनाखो बनेको प्रहरी अब त्यस्तै चनाखो बन्न संभव छैन ?

अण्डा र कुखुराको मासुमा आत्मनिर्भर भएको घोषणा गर्ने तर अवैध आयातले व्यवसायी विस्थापित हुँदै जाँदा मुलुकले व्यहोर्ने नोक्सानी बाहेक केही होइन् । आयात प्रतिस्थापन गर्ने गरी फस्टाएको व्यवसाय धराशायी हुँदा लगानी जोखिममा पर्छ, सयौंको रोजगारी गुम्छ । अन्ततः आयात बढ्दा व्यापार घाटा हुन्छ । अवैध आयातले मौलाउने अपराधले समाजलाई चौतर्फी असर गर्छ । तसर्थ सरकारले कुखुरा सहित सबैखाले अवैध आयात रोक्न तत्काल मातहतको निकायलाई परिचालन गर्नुपर्छ ।

# २७.४१ अंकले बढ्यो सेयर बजार



काठमाडौं । सोमबार सेयर बजारमा दोहोरो अंकको वृद्धि देखिएको छ । तीन दिन लगातार घटेको बजार चौथौ दिनमा २७.४१ अंकले बढेको हो । परिसूचक २६४५.३६ बिन्दुमा उक्लिएको छ ।

३०७ कम्पनीको १ करोड ४ लाख १८ हजार कित्ता सेयर खरिदबिक्री भएको छ । जसले गर्दा कुल ५ अर्ब ३४ करोड ४८ लाख रुपैयाँको कारोबार भएको नेप्सले जनाएको छ ।

जानकी फाइनान्स र डोल्टी पावर कम्पनीको मूल्यमा सकारात्मक सर्किट लागेको छ । त्यस्तै रिभर फल्स पावर र मेन्छिएम हाइड्रोपावरको मूल्य ९ प्रतिशतभन्दा बढीले उकालो लाग्यो ।

सोमबार कारोबार रकमका हिसाबले नेपाल फाइनान्स लिमिटेड शीर्ष स्थानमा रह्यो । यसको ३३ करोड ७९ लाख रुपैयाँको कारोबार भएको छ । कुल २१३ कम्पनीको मूल्य बढेको छ । २८ कम्पनीको घट्दा २ कम्पनीको मूल्य स्थिर रह्यो ।

# कागजमै सीमित नहोस् कृषिमा लगानी दशक



**उद्धव अधिकारी**

*दशकौँ लगाएर गाउँमा विकास पुग्यो, तर मान्छेले गाउँ छाडे। देश सञ्चालकका लागि यो ठूलो चिन्ताको विषय हुनुपर्ने हो। ग्रामीण अर्थतन्त्रलाई चलायमान नगराई एकपटक शहर पसेको मान्छेलाई पुनः गाउँमा फर्काउन कठिन हुन्छ। त्यसका लागि एउटै विकल्प भनेको कृषिमा लगानी वृद्धि नै हो। आगामी दशक तीनवटै तहले कृषि उत्पादनको प्रशोधन, भण्डारण, बजारीकरण र औद्योगिकीकरण प्रवर्द्धन गर्ने एकीकृत नीति लिनुपर्छ। जसबाट देशले व्यहोरिरहेका धेरै नकारात्मक सूचक सकारात्मक बन्न थाल्नेछन्। लगानी दशक घोषणा गरेको कृषि मन्त्रालयले मात्रै होइन, यो नेपाल सरकारको घोषणा हो। त्यसैले अन्तर मन्त्रालय, अन्तरतहगत सरकार र अन्तरनिकाय सबैले यस घोषणालाई सार्थक बनाउन लाग्नुपर्छ। दुई ठूला अर्थतन्त्र भएका छिमेकीबिच हुनुको नाताले निर्यातका लागि तुलनात्मक लाभ हुने बालिबाहेक अन्य बाली वस्तुको उत्पादनका साधनदेखि उपभोग्य वस्तुसम्म आत्मनिर्भरताको रणनीति लिन जरुरी छ।*



गास, बास र कपासको अनुपातमा अन्य भौतिक विकास परको विषय हो। केही समय बास र कपास नभए पनि बाँचिएला, तर गासरहित जीवन असम्भव छ। यतिबेला अस्थिर बजार, प्राकृतिक प्रकोप र जंगली जनावरले लखेट्दै गरेको उत्पादक शक्ति पुस्तौँदेखि गर्दै आएको आफ्नो पेसा छाडेर विकल्पको खोजीमा निस्कने क्रम जारी छ। आत्मनिर्भर उत्पादकहरू नै सामान्य जीविकोपार्जनका लागि आफ्नो थातथलो छाडेर देशविदेश भौँतारिनुपर्ने वर्तमान अवस्थाले हाम्रा नीति निर्माताको औकात छर्लंग पारिरहेको छ। युवालाई रेमिट्यान्स र रेमिट्यान्सलाई भन्सारसँग जोडेर उत्पादकलाई उपभोक्तामा रूपान्तरण गराउने नीतिले देशको भविष्य अन्योलतर्फ उन्मुख भइरहेको छ। राजस्वको लोभमा खेतीयोग्य जमिनको खण्डीकरण र ढुंगा, बालुवाको अधिक दोहनले कृषियोग्य जमिनमा पुऱ्याएको क्षति अपूरणीय छ। यसरी उठाइएको राजस्वले ऋणको किस्ता, सामाजिक सुरक्षा र साधारण खर्चसमेत नधान्ने अवस्थामा अनावश्यक तथा अनुत्पादक संरचना घटाउन तथा उत्पादन र रोजगारमा लगानी बढाउन दल र सरकार तयार नदेखिनु दुःखको विषय हो।

खेतबारीमा प्रत्येक वर्ष १० देखि २० प्रतिशतसम्म विषादीको प्रयोग बढिरहेको छ। प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका अनुसार गएको आर्थिक वर्षमा ११८४ मेट्रिक टन विषादी आयात भएको थियो। चालू आर्थिक वर्षको बजेट वक्तव्यमा रासायनिक विषादीको उपयोगलाई निरुत्साहित गर्ने र जैविक विषादीलाई प्रवर्द्धन गर्ने उल्लेख थियो, तर त्यसका निम्ति बजेट र कार्यक्रम भने कतै पाइँदैन। आखिर यसरी कहिलेसम्म ढाँट्ने ? योजनामा कृषि क्रान्ति गर्ने, रोजगार सिर्जना गर्ने, उत्पादन वृद्धि गर्ने, आयात प्रतिस्थापन गर्नेजस्ता विषय लेखेको पाइन्छ, तर 'कुराले चिउरा भिज्दैन' भन्ने थाहा हुँदाहुँदै पनि पटक-पटक देशलाई धोका दिने काम भइरहेको छ। कुल गार्हस्थ उत्पादनमा हाल उत्पादनमूलक उद्योगको हिस्सा ५.२ प्रतिशत छ। १६औँ आवधिक योजनाले आगामी ०८६ सम्म उत्पादनमूलक उद्योगको हिस्सा शून्य दशमलव दुई प्रतिशत मात्र बढाउने लक्ष्य राखेको छ। यस्तो कपटले उत्पादन र रोजगार वृद्धिको नारा नारामै मात्र सीमित रहने अवस्था छ। आर्थिक वर्ष ०८१-८२ को कुल १८ खर्ब ६० अर्बको बजेटमा ३.०७ प्रतिशत अर्थात् ५७ अर्ब २९ करोड मात्रै कृषि शीर्षकमा विनियोजन भएको छ। यसैगरी कुल कृषि बजेटको ५२ प्रतिशत अर्थात् २७ अर्ब ९५ करोड बजेट रासायनिक मलमा मात्र विनियोजन गरिएको छ। तर, सरकारका थुप्रै नीति रणनीतिमा उल्लेख गरिएको प्रांगारिक कृषिको प्रवर्द्धनअन्तर्गत जैविक मल उत्पादनमा एक रुपैयाँ पनि विनियोजन गर्न उचित ठानिएको छैन। यद्यपि, योजना र रणनीतिमा हाल माटोमा भएको प्रांगारिक पदार्थ एक दशमलव ९६ बाट बढाएर २ दशमलव ५ देखि ४ प्रतिशतसम्म पुऱ्याउने लक्ष्य भेटिन्छ। लक्ष्य पवित्र छ भने रासायनिक मलमा झन्डै ५३ प्रतिशत बजेट विनियोजन गर्न नहिच्किचाउने सरकार पर्यावरण सन्तुलन, आयात प्रतिस्थापन र आत्मनिर्भरतामा अतुलनीय योगदान दिनसक्ने गोठे/जैविक मलमा लगानी गर्न किन कन्जुस्याइँ गर्दै छ ?

भर्खरै अवधि समाप्त भएको १५औँ आवधिक योजना ०७६-७७/०८०-८१ ले कृषि क्षेत्रमा न्यूनतम बजेट ८.७७ प्रतिशत विनियोजन गर्नुपर्ने दिशानिर्देश गरेको थियो। तर, सो अवधिमा औसतमा २.५ प्रतिशतबाट बजेट उँभो लाग्न सकेन। गत वर्षको तुलनामा आर्थिक वर्ष ०८१-८२ को कुल बजेटमा ६.२ प्रतिशत वृद्धि भएको छ। तर, १६औँ आवधिक योजना कार्यान्वयन र कृषि लगानी दशकको पहिलो वर्षमै गत आर्थिक वर्षमा भन्दा एक अर्ब ६९ करोड बजेट घटाएबाट आगामी दिन कता जाँदै छन्, प्रस्ट देखिइसकेको छ।

एकातिर साधारण खर्च अत्यधिक बढेको छ भने अर्कातिर विकास खर्च खुम्चिँदो छ। आर्थिक सर्वेक्षण ०८०-८१ अनुसार संघीयता कार्यान्वयनको सात वर्षयता सरकारको पुँजीगत खर्च औसतमा १८.२ प्रतिशत नाघ्न सकेको छैन। गएको साउन र भदौमा दुई खर्ब ६३ अर्ब १४ करोड रेमिट्यान्स भित्रिएकामा सोही अवधिमा दुई खर्ब ६२ अर्ब ५४ करोडको सामग्री देशले आयात गरेको तथ्यांक छ। तर, निर्यात भने २५ अर्ब नौ करोडबाट बढ्न सकेको छैन। युवा बेचेर नुनतेल किन्नुपर्ने अवस्थामा पनि उत्पादनतर्फ राज्यसत्ताको ध्यान नजानु विडम्बना हो।

असोज मसान्तसम्म दुई खर्ब ४८ अर्ब २६ करोड राजस्व संकलन भएकामा सोही अवधिमा राज्यकोषबाट तीन खर्ब २९ अर्ब २० करोड खर्च भइसकेको छ, जसमध्ये चालू खर्च मात्रै दुई खर्ब २९ अर्ब ८५ करोड भएको छ। सरकारले लिएको लक्ष्य पूरा गर्न मासिक एक खर्ब १८ अर्ब राजस्व उठाउनुपर्छ। तर, सो लक्ष्य तीन महिनामै एक खर्ब ६ अर्बले पछि परिसकेको अवस्था छ। चालू आर्थिक वर्षको बजेट कार्यान्वयनमा पाँच खर्ब ४८ अर्ब ऋण थप्ने योजनामा रहेको सरकारले ऋण तिर्न तीन खर्ब ६७ अर्ब र ब्याज तिर्न ९१ अर्ब गरी चार खर्ब ५८ अर्ब रकम बजेटमै व्यवस्था गरेको छ। यसका लागि भदौ मसान्तसम्म एक खर्ब चार अर्ब ऋण उठाइसकेको छ। ५७ खर्ब चार अर्ब कुल गार्हस्थ उत्पादन भएको मुलुकको हालसम्म २५ खर्ब २८ अर्ब ६ करोड अर्थात् ४४.३४ प्रतिशत ऋण पुगिसकेको छ। देशका धेरै सूचक सकारात्मक छैनन्। यसलाई सकारात्मक बनाउने भनेको आन्तरिक उत्पादनले हो। तर, सरकारका योजनामा निर्विकल्प दिगो कृषि उत्पादनका दीर्घकालीन कार्यक्रम समावेश हुनै सक्दैनन्, आखिर किन ? केले रोकेको छ, कृषिमा लगानी वृद्धि गर्न ? अनि देशलाई ऋणको पासोबाट जोगाउन ? सन् २०२६ मा अतिकम विकसितबाट विकासशील देशमा स्तरोन्नति हुन गइरहेको आयात प्रधान देशले खाद्य सुरक्षाजस्तो प्राथमिक क्षेत्रमा लगानी वृद्धि गर्न किन्तु परन्तु गर्न जरुरी छैन।

पर्याप्त बजेट र जनशक्ति अभावमा अनुसन्धान शिक्षा र प्रसारजस्ता निकाय, साना सिँचाइदेखि राष्ट्रिय गौरवका आयोजना, कृषि विकासका नाममा खडा गरिएका सरकारी परियोजना लथालिंग छन्। सरकारकै संलग्नतामा कृषियोग्य जमिनको घडेरीकरण र उत्पादक जनशक्तिको कृषि पेसाबाट बहिर्गमनको शृंखला जारी छ। जलवायु परिवर्तनका असरले एकपछि अर्को विपत्ति थप्दै लगेको छ। हाम्रो खाना र खेती प्रणालीले कुनै बेलाका हामी 'वीर गोर्खाली' 'रोगी गोर्खाली'मा रूपान्तरण भइरहेका छौँ।

विषादी न्यूनीकरण, प्रांगारिक कृषिको प्रवर्द्धन, रैथाने बिउ संरक्षण र प्रवर्द्धन, कृषि जैविक विविधता संरक्षण, निर्यात प्रवर्द्धन, किसान सूचीकरण, कृषि बजार व्यवस्थापन, खाद्य पोषण र वन्यजन्तु नियन्त्रणजस्ता शीर्षकमा संघीय सरकारले स्थानीय सरकारको मुख ताकेको देखिन्छ। एक अध्ययनअनुसार गएको आर्थिक वर्षमा स्थानीय सरकारले कृषिमा विनियोजन गरेको रकम दुई प्रतिशत पनि पुगेको छैन। जबकि, स्थानीय स्वायत्त शासन ऐन ०५५ अनुसार कृषिक्षेत्रमा १५ प्रतिशत बजेट अनिवार्य विनियोजन गर्नुपर्ने प्रावधान छ, जुन आज एकादेशको कथा सावित भएको छ। एकाधबाहेक स्थानीय सरकारको प्राथमिकतामा कृषि पर्न सकेको छैन। पालिकाले विनियोजन गरेको न्यून बजेटले एग्रोभेटका आयातित सामग्री खरिद गरेर आफूइतरका सीमित मान्छेलाई वितरण गरिरहेका कृषि शाखाका भरमा नेपालको कृषि चलिरहेको वर्तमान सन्दर्भ छ।

दशकौँ लगाएर गाउँमा विकास पुग्यो, तर मान्छेले गाउँ छाडे। देश सञ्चालकका लागि यो ठूलो चिन्ताको विषय हुनुपर्ने हो। ग्रामीण अर्थतन्त्रलाई चलायमान नगराई एकपटक शहर पसेको मान्छेलाई पुनः गाउँमा फर्काउन कठिन हुन्छ। त्यसका लागि एउटै विकल्प भनेको कृषिमा लगानी वृद्धि नै हो। आगामी दशक तीनवटै तहले कृषि उत्पादनको प्रशोधन, भण्डारण, बजारीकरण र औद्योगिकीकरण प्रवर्द्धन गर्ने एकीकृत नीति लिनुपर्छ। जसबाट देशले व्यहोरिरहेका धेरै नकारात्मक सूचक सकारात्मक बन्न थाल्नेछन्। लगानी दशक घोषणा गरेको कृषि मन्त्रालयले मात्रै होइन, यो नेपाल सरकारको घोषणा हो। त्यसैले अन्तर मन्त्रालय, अन्तरतहगत सरकार र अन्तरनिकाय सबैले यस घोषणालाई सार्थक बनाउन लाग्नुपर्छ। दुई ठूला अर्थतन्त्र भएका छिमेकीबिच हुनुको नाताले निर्यातका लागि तुलनात्मक लाभ हुने बालिबाहेक अन्य बाली वस्तुको उत्पादनका साधनदेखि उपभोग्य वस्तुसम्म आत्मनिर्भरताको रणनीति लिन जरुरी छ।

भन्नेले भन्दै गर्छन्, जसोतसो आफ्नो कार्यकाल सक्ने हो भन्ने मानसिकता त्याग्दै देश र जनताको भविष्य निर्धारण गर्ने-गराउने स्थानमा पुगेका सेलेक्टेड र इलेक्टेड दुवैले मानवीय विवेक नगुमाई काम गर्नुपर्ने टड्कारो आवश्यकता छ। यसका लगि संशोधन हुँदै गरेको कृषि नीति, कृषि विकास रणनीति बन्दै गरेको कृषि ऐन, कार्यान्वयनमा जाँदै गरेको खाद्य सम्प्रभुता ऐन, कार्यान्वयनमा गएर पनि अलमलिएको भूउपयोग ऐनलाई दिगो उत्पादनमैत्री बनाइनु जरुरी छ। विशेषतः संविधानका धारा क्रमशः ३६, ३१, ३५ र ३३ ले दिएको खाद्य, शिक्षा, स्वास्थ्य र रोजगारीका अधिकारलाई सम्बोधन गर्न सक्ने महत्वपूर्ण क्षेत्र कृषि नै हो। यसलाई फड्के किनारमा राखेर समुन्नत नेपालको परिकल्पना गर्न सकिँदैन। वर्तमान परिवेशमा अपेक्षाकृत राजस्व रकम संकलन हुने सम्भावना कम भएले जनभावना र विभिन्न आयोगका प्रतिवेदनले दिएको सुझाव कार्यान्वयन गर्दै अनावश्यक संरचना तत्काल हटाएर साधारण खर्च घटाई राज्यलाई आर्थिक दुर्घटनाबाट जोगाउन दुईतिहाइको सरकारले खुट्टा कँपाउनु हुँदैन। यसरी व्यवस्थापन गरिएको स्रोतलाई कृषि क्षेत्रले योगदान गरेकै अनुपातमा तीनवटै तहले आगामी नौ वर्ष दिगो कृषि विकासमा केन्द्रित रही बजेट विनियोजन गर्ने चौँडा छातीको खाँचो छ। (नयाँ पत्रिकाबाट)

# जाडोमा बदाम खानुका फाइदै फाइदा



जाडो मौसममा खानपिनका लागि धेरै चीजहरु उपलब्ध हुन्छन् । स्वास्थ्यका लागि निकै फाइदाजनक मानिने भए पनि यी मध्ये केही चीजहरु हेर्दा निकै सामान्य लाग्छन् ।

बदाम एउटा यस्तो खाद्य वस्तु हो जसलाई जाडो मौसममा खानाले स्वास्थ्यका लागि विशेष लाभदायक हुन्छ।

तौल घटाउन, राम्रो पाचन स्वास्थ्य र भिटामिन डीका लागि बदामको सेवन स्वास्थ्यका लागि धेरै हिसाबले फाइदाजनक मानिन्छ । डाइटिसियनका अनुसार बदामको सेवनबाट प्रोटिन, भिटामिन, मिनरल्स र हेल्दी फ्याट प्राप्त गर्न सकिन्छ।

यसमा फाइबर पनि राम्रो मात्रामा पाइन्छ, त्यसैले यसको सेवन गर्नु पेटका लागि पनि फाइदाजनक हुन्छ । यसले भोकलाई नियन्त्रण गर्छ र लामो समयको लागि तपाईंलाई पूर्ण महसुस गराउन सक्छ।

बदाममा फाइबरको मात्रा उच्च हुन्छ । जसले पाचन प्रणालीलाई राम्रो बनाउन मद्दत गर्छ । कब्जियत रोक्न र पेटको माइक्रोबायोम सुधार गर्न बदामको सेवन विशेष गरी लाभदायक हुन सक्छ । यसबाहेक बदाम शरीरकोभित्रको गर्मी कम गर्न पनि सहयोगी हुन्छ, जसले दीर्घकालीन रोगको जोखिमलाई कम गर्न सक्छ।

मुटुरोगको जोखिम कम गर्न पनि बदामको सेवन लाभदायक हुने स्वास्थ्य विज्ञहरु बताउँछन् । बदाममा स्वस्थ फ्याट, म्याग्नेसियम, एन्टिअक्सिडेन्ट, तामा र अन्य आवश्यक पोषक तत्व पाइन्छ जसले नसालाई स्वस्थ राख्न मद्दत गर्छ। यसले गर्दा मुटुमा पर्ने तनाव कम हुन्छ । त्यसैले मुटुरोगको जोखिम कम गर्न बदाम खानु फाइदाजनक हुन्छ।

मधुमेहका बिरामीले कम ग्लाइसेमिक इन्डेक्स भएका खानेकुरा खानु राम्रो हुन्छ । ग्लाइसेमिक इन्डेक्स भनेको रक्तप्रवाहमा खानाहरू बिच्छेदन हुने दर हो । बदाममा कम ग्लाइसेमिक इन्डेक्स हुन्छ । त्यसैले यसले रगतमा चिनीको मात्रा कम गर्न मद्दत गर्छ, बढाउन दिँदैन। स्वास्थ्य विज्ञहरुका अनुसार ५५ भन्दा कम ग्लाइसेमिक इन्डेक्स भएको खानेकुरा मधुमेहका रोगीका लागि फाइदाजनक हुन सक्छ।

# तिहारका लागि दुई लाख मखमली माला निर्यात हुने

काठमाडौं । यस वर्षको तिहारका लागि दुई लाखवटा मखमली फूलको माला निर्यात हुने भएको छ ।

फ्लोरिकल्चर एसोसिएसन (फ्यान) का अनुसार यस वर्ष गत वर्षको भन्दा ५० हजार बढी माला निर्यात हुन लागेको हो । गत वर्ष एक लाख ५० हजार माला मात्र निर्यात भएको थियो ।

एसोसिएसनका अध्यक्ष दिलीप बादेले यसरी निर्यात हुने माला विशेषगरी अमेरिका, जापान, अस्ट्रेलिया, कोरिया युरोपका केही देश र केही खाडी मुलुकमा समेत निर्यातका माग भएको बताए । नेपाली धेरै बसोबास गर्ने अन्य देशमा पनि मालाको माग बढिरहेको उनले जानकारी दिए ।

पछिल्लो समय काठमाडौं उपत्यकासहित कास्की, चितवन, मकवानपुर, काभ्रेपलाञ्चोक, गुल्मी, पाल्पा, धादिङ, मोरङलगायत ५२ जिल्लामा पुष्पखेती विस्तार भइसकेको फ्यानले जनाएको छ । यद्यपि तिहारमा प्रयोग हुने सयपत्री र प्रणय दिवसका लागि प्रयोग हुने रातो गुलाफको फूलमा अझैं आत्मनिर्भर हुन नसकिएको जनाइएको छ ।

यस वर्षको तिहारको लागि ४० लाख सयपत्री फूलको माला चाहिने अनुमान गरिएकामा २५ लाख मालाका लागि मात्र नेपालमा उत्पादन हुने गरेको बाँकी भारतबाट आयात गर्नुपर्ने अवस्था रहेको सोसिएसनले जनाएको छ ।

हरेक वर्ष बजार माग १५ देखि २० प्रतिशतले बढ्ने र मागअनुसार फूल उत्पादन हुन नसक्दा सयपत्री फूलमा आत्मनिर्भर हुन नसकेको एसोसिएसनका अध्यक्ष बादेले बताए । उनका अनुसार गत वर्षभन्दा यस वर्ष सात लाख बढी मालाको बजार माग छ । गत वर्षको तिहारमा ३३ लाख मालाको माग भएको थियो ।

यस वर्ष तिहार उपयुक्त समयमा परे पनि गत असोजको दोस्रो साता परेको अविरल वर्षाका कारण फूलखेतीमा ठूलो नोक्सानी बेहोर्नु परेको छ । वर्षाको कारण रु १५ करोड बराबरको नोक्सान भएको सोसिएसनले जनाएको थियो । नेपालमा व्यावसायिक रूपमा चार सय ५० प्रजातिका फूल उत्पादन हुँदै आएका छन् ।

**प्रदेशलाई...**

सबै दलको सहमतिमा दल सम्बन्धी ऐन बनाउनु राम्रो भए पनि कुनै दल केन्द्रित गरेर अध्यादेश ल्याउन खोज्नु गलत भएको पुनले बताए । 'सबै दललाई मान्य हुने गरी जानुपर्छ । विवादित काम नगर्न म पार्टी सभापतिलाई आग्रह गर्छु ।'- सभापति पुनले भने ।

प्रदेश प्रमुख कृष्णबहादुर घर्तीले प्रदेशसभाबाट पारित दुई विधेयक प्रमाणिकरण नगरी फिर्ता पठाएकोप्रति पनि सभापति पुनले गलत भएको बताए । 'विधेयक पारित नगर्नु संविधानसम्मत विवेक प्रयोग नगरेको देखियो,' पुनले भने-'सेरेमोनियल प्रदेश प्रमुखले कसैको डेलिगेसन सुन्ने होइन,संविधान अनुसार चल्ने हो, उहाँले प्रमाणीकरण गर्नुको विकल्प छैन,विवादमा पर्नु हुन्न, द्वन्द्व सिर्जना गर्नु हुँदैन ।'

कांग्रेस-एमाले गठबन्धन सरकारले समानुपातिक र समावेशीलाई निर्वाचन क्षेत्रमै सुनिश्चित गरी मिश्रित निर्वाचन प्रणाली सच्याउनु पर्ने सभापति पुनले सुझाए । समावेशी समानुपातिकलाई नेताहरुले आफ्ना मान्छे र पहुँचवालालाई माथि पुराउन दुरुपयोग गरेकाले समानुपातिकप्रति पनि वितृष्णा बढेको पुनले औंल्याए ।

संघीय सरकारले लुम्बिनी विकास कोषलाई पहिलो प्राथमिकतामा राखेर सोही अनुसार बजेट विनियोजन गरी जानुपर्ने, जग्गा कित्ताकाट अविलम्ब खुला गरिनुपर्ने र दाङको भालुबाङमा सशस्त्र प्रहरी क्याम्पले सर्वसाधारण जनताको ६ बिघा जग्गा कब्जा गरेकाले उक्त जग्गा अधिग्रहण गरी मुवाब्जा दिन वा नभए जसको हो उसैलाई फिर्ता गर्न सरकारको ध्यानाकर्षण गराए ।

## माईग्रेसन हराएको सूचना

मेरो निम्न विवरण भएको माईग्रेसन यही मिति २०८१।०६।०६ गते छापहिलेदेखि इस्मा जाँदै गर्दा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला ।

**नाम** : **विवेक कुमार थापा**
**ठेगाना** : **मालिका गाउँपालिका-२, गुल्मी**
**रजिष्टेशन नं.** : ७६४९२००७२
**सिम्बोल नं.** : २४९०३२९०
**सम्पर्क** : ९८४०६९७२६६

## श्री शिवशक्ति आधारभूत विद्यालय
### कञ्चन-४, शिव मन्दिर, रुपन्देही, लुम्बिनी प्रदेश

## शिक्षक आवश्यकता

प्रथम पटक प्रकाशित मिति : २०८१/०७/१२

प्रस्तुत विषयमा जिल्ला रुपन्देही कञ्चन गाउँपालीका च.नं. ४२८ मिति २०८१-०७-९ गतेको विज्ञापन अनुमति पत्र र विद्यालय व्यवस्थापन समितिको मिति २०८१/०७ /०४ गतेको निर्णय अनुसार आ.व २०८१/०८२ को लागि आधारभूत तह अंग्रेजी विषयको-शिक्षण सिकाइ अनुदान कोटामा खुल्ला विज्ञापनद्वारा शिक्षक पदपूर्ति गर्नुपर्नेभएकोले योग्यता पुगेका नेपाली नागरिकबाट तपसिल बमोजिम रीतपूर्वक दरखास्त आह्वान गरिन्छ ।

**तपसिल**

१. विज्ञापन ०१/०८१/०८२
२. आवश्यक पद -आधारभूत तह
३. विषय -अंग्रेजी
४. पद संख्याः १
५. आवेदन दस्तुर : रु १५०० (एक हजार पाँच सय)
६. उमेर : दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
७. योग्यता : अंग्रेजी मूल विषय लिई कम्तिमा प्रविणता प्रमाण पत्र तह उत्तिर्ण गरी अनुमति पत्र प्राप्त
८. दरखास्त दिने अन्तिम मिति :२०८१/०७/३०
९. सम्पर्क मिति :.२०८१/०८/०१
१०. परीक्षाको किसिम : लिखित, अन्तरवार्ता, कक्षा अवलोकन
११. परीक्षा मिति :सम्पर्क मितिका दिन तोकिने छ ।
१२. आवश्यक कागजात
- हस्त लेखन निवेदन १
- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि १ थान
- शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि १ थान
- स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि १ थान

१३. सम्पर्क नं :९८६०९८९७१८, ९८६७२६३९३६ र ९८६७२७८३८९

नोट :-तिहार विदामा माथि उल्लेखित नम्बरमा सम्पर्क गरी निवेदन बुझाउन सक्नु हुनेछ ।

पुनश्चः शिक्षा सेवा आयोगको करार सूचीमा सूचीकृत उम्मेदवारलाई प्राथमिकता रहने छ ।

प्रधानाध्यापक

**Government of Lumbini Province**
**Ministry of Energy, Water Resources & Irrigation**
**Water Resources and Irrigation Development Division Office**
**Arghakhanchi**

## Invitation for Online Sealed Quotation

Date of Publication: 2081/07/13 (29/10/2024)

1. Water Resources and Irrigation Development Division Office, Arghakhanchiinvites electronic bidsfrom eligible bidders

| S. N. | Contract No. | Description of works | Estimated Amount including VAT | Bid Security Amount (NRs.) | Fee for Bid document NRs.) | Last Date of Bid Submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 1 | WIDDARG/SQ-07/081-82 | Construction of Canal & Canal structure Works at Chhatradev-03& Sandhikharka-05,Arghakhanchi | 1343553.01 | 33,000.00 | 1000.00 | 13/11/2024 12:00 hrs | 13/11/2024 13:00 hrs |
| 2 | WIDDARG/SQ-08/081-82 | Construction of Gabion Revetment work at Sandhikharka-5 ,Arghakhanchi | 999246.15 | 24,000.00 | 1000.00 | 13/11/2024 12:00 hrs | 13/11/2024 13:00 hrs |
| 3 | WIDDARG/SQ-09/081-82 | Construction of RCC Canal Works at Chhatradev-03, Arghakhanchi | 959497.83 | 23,000.00 | 1000.00 | 13/11/2024 12:00 hrs | 13/11/2024 13:00 hrs |
| 4 | WIDDARG/SQ-10/081-82 | Construction of RCC Canal Works at Chhatradev-05, Arghakhanchi | 1439189.04 | 35,000.00 | 1000.00 | 13/11/2024 12:00 hrs | 13/11/2024 13:00 hrs |
| 5 | WIDDARG/SQ-11/081-82 | Construction of RCC Canal Works at Sitganga -05, Arghakhanchi | 1919000.22 | 46,000.00 | 1000.00 | 13/11/2024 12:00 hrs | 13/11/2024 13:00 hrs |
| 6 | WIDDARG/SQ-12/081-82 | Construction of Gabion Revetment work at Panini-7 ,Arghakhanchi | 959907.18 | 23,000.00 | 1000.00 | 13/11/2024 12:00 hrs | 13/11/2024 13:00 hrs |
| 7 | WIDDARG/SQ-13/081-82 | Construction of Canal & Canal structure Works at Panini-05,Arghakhanchi | 1439087.57 | 35,000.00 | 1000.00 | 13/11/2024 12:00 hrs | 13/11/2024 13:00 hrs |
| 8 | WIDDARG/SQ-14/081-82 | Construction of Canal & Canal structure Works at Panini-03& 5, Arghakhanchi | 1726387.04 | 42,000.00 | 1000.00 | 13/11/2024 12:00 hrs | 13/11/2024 13:00 hrs |

**Date of 2nd Publication: 2081/07/13 (29/10/2024)**

| S. N. | Contract No. | Description of works | Estimated Amount including VAT | Bid Security Amount (NRs.) | Fee for Bid document (NRs.) | Last Date of Bid Submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 1 | WIDDARG/SQ-01/081-82 | Construction of RCC Canal Works at Sandhikharka-9 | 1439051.63 | 35,000.00 | 1000.00 | 13/11/2024 12:00 hrs | 13/11/2024 13:00 hrs |
| 2 | WIDDARG/SQ-02/081-82 | Construction of canal and canal Srructure at Sandhikharka-10 &8 Arghakhanchi | 1630745.95 | 39,000.00 | 1000.00 | 13/11/2024 12:00 hrs | 13/11/2024 13:00 hrs |

2. Further Detail regarding the Notice of Invitation for Bids, interested bidders is requested to visit the office of WRIDDO,Arghakhanchi or the e-gp portal www.bolpatra.gov.np/egp.

**Division Chief**

**Government of Lumbini Province**
**Ministry of Energy, Water Resources & Irrigation**
**Water Resources and Irrigation Development Division Office**
**Arghakhanchi**

## Invitation for Online Bids

Date of Publication: 2081/07/13 (29/10/2024)

1.Water Resources and Irrigation Development Division Office, Arghakhanchiinvites electronic bidsfrom eligible bidders.

| S.N. | Contract No. | Description of works | Estimated Amount including VAT | Bid Security Amount (NRs.) | Fee for Bid document (NRs.) | Last Date of Bid Submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 1 | WIDDARG/NCB-06/081-82 | Construction of Canal & Canal Protection Works at Panini-3 | 2399979.20 | 58000.00 | 3000.00 | 28/11/2024 12:00 hrs | 28/11/2024 13:00 hrs |
| 2 | WIDDARG/NCB-07/081-82 | Construction of canal Protection work at Panini-7 Arghakhanchi | 2399291.32 | 58,000.00 | 3000.00 | 28/11/2024 12:00 hrs | 28/11/2024 13:00 hrs |
| 3 | WIDDARG/NCB-08/081-82 | Construction of canal and canal Srructure at Chatradev-4 & 6 Arghakhanchi | 2878187.16 | 69,000.00 | 3000.00 | 28/11/2024 12:00 hrs | 28/11/2024 13:00 hrs |
| 4 | WIDDARG/NCB-09/081-82 | Construction of canal and canal Structure at Sitganga-12 Arghakhanchi | 2399124.45 | 58,000.00 | 3000.00 | 28/11/2024 12:00 hrs | 28/11/2024 13:00 hrs |

2.Further Detail regarding the Notice of Invitation for Bids, interested bidders is requested to visit the office of WRIDDO,Arghakhanchi or the e-gp portal www.bolpatra.gov.np/egp.

Division Chief

## Baganaskali Rural Municipality
### Office of Rural Executive
### Chirtungdhara,Palpa

## Invitation for Online Bids

Date of publication: 2081/07/13 (Oct,29,2024)

Baganaskali Rural Municipality Office, Chirtungdhara Palpa invites electronic bids from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egp for following work under Seal Quotation system. All other information and Bid Document can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp

***Information to deposit the cost of bidding document in Bank:***

***Name of the Bank: Nepal Bank Ltd., Palpa***
***Name of the Office: Baganaskali Rural Municipality Office, Chirtungdhara, Palpa***
***Bank details for Bid Document (If Cash deposit) : Nepal Bank, Limited Palpa,***
***Antarik Rajaswa Account No.: 01703000001001000001***
***Bid Validity Period: 45 days for Seal Quotation***
***Bank details for Bid security ( If Cash deposit) :Nepal Bank, Limited Palpa,***
***Dharauti Khata A/C no. 01703000003000000001***

| Contract No. | Name of Project | Estimated Amount inclusive VAT and PS | Price of Bid Document, NRs. | Bid Security Amount, NRs. | Last Date of Bid Submission |
|---|---|---|---|---|---|
| RE-BRM/PLP/W/SQ/03/081-082 | Dharapani Bichadi Archalekhola motorbato starunnati | 479,303.13 | 1000.00 | 12500.00 | 2081/07/28 12.00 Pm (Nov,13,2024) |
| RE-BRM/PLP/W/SQ/04/081-082 | Baganas Bal Udhyan tatha Park Nirman. | 968359.27 | 1000.00 | 25000.00 | 2081/07/28 12.00 Pm (Nov,13,2024) |
| BRM/PLP/W/SQ/05/081-082 | Deurali-kamere-Bagaicha-Chapkhola-Aalaiche Motorbato Starunnati | 478248.94 | 1000.00 | 11500.00 | 2081/07/28 12.00 Pm (Nov,13,2024) |
| ` BRM/PLP/W/SQ/06/2081-082 | Shahid Kewal Gaha Smriti Sava Hall (Adhuro Nirman Pura) | 477778.86 | 1000.00 | 11500.00 | 2081/07/28 12.00 Pm (Nov,13,2024) |

For more information, please visit website:baganaskalimum.gov.np

Chief Administrative Officer
Baganaskali Rural Municipality

## छत्रदेव गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### छत्रगञ्ज, अर्घाखाँची

## बोलपत्र स्वीकृती सम्बन्धी आशयको सूचना

मिति २०८१/०७/१३

यस कार्यालयको स्वीकृत कार्यक्रम अनुसार ठेक्का नं.CRM/ARG/NCB/W/02/081/82, Arghatosh-Chidipani-Milmile Motorable Road Pitch Works का लागि मिति२०८१/०६/०६ गते दैनिक लुम्बिनी राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम निर्धारित समयभित्र Online प्राप्त हुन आएका बोलपत्रहरु मिति२०८१/०७/०६ मा खोली बोलपत्र मूल्याङ्कन समितिबाट मूल्याङ्कन हुँदा मिति२०८१/०७/१२गतेको मूल्याङ्कन समितिको सिफारिस तथा कार्यालयको मिति२०८१/०७/१२ गतेको निर्णय अनुसार ओजस्वी निर्माण सेवा, सन्धिखर्क-०१, अर्घाखाँचीले कबोल गरेको अंक(मु.अ.कर र पि.एस. समेत)रु.४६,८३,३३८.६४ (अक्षरेपी छयालीस लाख त्रियासी हजार तीन सय अड्तीस रुपैयाँ पैसा चौसठ्ठी)मात्रको बोलपत्र सिफारिस भई स्वीकृतीको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन समेत) को दफा २७ र ४७ को प्रयोजनार्थ यो ७ (सात)दिने सूचना प्रकाशित गरिएको छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# रेडक्रस पाल्पाले ब्लड बैंक चलाउँदै



कृष्ण पोखरेल

*पाल्पा*

नेपाल रेडक्रस सोसाइटी पाल्पाले तानसेनमा छिट्टै ब्लड बैंक सञ्चालनको तयारीमा जुटेको छ । रेडक्रस पाल्पाले छिटोभन्दा छिटो ब्लड बैक सञ्चालनको लागि आफ्नै कार्यालयमा ल्याव निर्माण गरिसकेको छ भने आवश्यक उपकरण खरिदको लागि प्रक्रिया अगाडि बढाएको छ । ब्लड बैंकको स्थायी भवन निर्माणको लागि शहरी विकास मन्त्रालयबाट १ करोड ५३ लाख र स्वास्थ्य मन्त्रालयबाट उपकरण खरिदको लागि ५० लाख रुपैयाँ बजेट विनियोजन भएको छ ।

पाल्पामा ४ वटा ठूला अस्पतालमा सधैं रगतको अभावले बिरामीलाई परेको समस्या समाधानका लागी वर्तमान कार्यसमिति सक्रिय भएर लागिरहेको छ । पाल्पामा हाल वार्षिक ४ हजार युनिट रगतको आवश्यकता पर्ने भएकोले कार्यसमिति 'हाम्रो ब्लड बैंक हामी बनाउँछौं ।' अभियानमा लागेको रेडक्रस पाल्पाका सभापति बाबुराम कार्कीले भने ।

सहयोग रकम जुटाउन रेडक्रस पाल्पाले यशस्कर र विशिष्ट सदस्यता वितरण गर्दै आएको छ । हालसम्म यशस्कर सदस्यबाट ६ लाख रुपैयाँ र विशिष्ट सदस्यहरुबाट २२ लाख रुपैयाँ, स्मृतिकोष बाट ७ लाख रुपैयाँ, विभिन्न संघ संस्थाबाट ६ लाख ८० हजार रुपैयाँ, देशबाहिर काम गर्न गएका विभिन्न व्यक्तिहरुको संघ संस्थाबाट ३ लाख ९५ हजार गरी ४४ लाख ७५ हजार रुपैयाँ नगद संकलन भएको सभापति कार्कीले जानकारी दिए ।

ब्लड बैंक सञ्चालनको लागि ५ करोड ७५ लाख रुपैयाँ बजेट आवश्यक भएकोमा भवन निर्माण तथा सामग्री खरिदको लागि २ करोड ३ लाख रुपैयाँ सरकारीस्तरबाट र विभिन्न सहयोगबाट ४४ लाख ७५ हजार नगद मात्र संकलन भएको रेडक्रस पाल्पाले जनाएको छ । सरकारी तथा गैरसरकारी तवरबाट गरी २ करोड ४७ लाख ७५ हजारको मात्र श्रोत सुनिश्चित भएकोमा अझैं आधाभन्दा धेरै रकम संकलन गर्नुपर्ने भएकोले सबैपक्षबाट ब्लड बैंक सञ्चालनको लागि सक्दो सहयोग गरिदिन रेडक्रस पाल्पाले अनुरोध गरेको छ । संस्थाले ३ करोड रुपैयाँ मुद्दती गरेर कर्मचारी र प्रशासनिक खर्च सञ्चालन गर्ने योजना बनाएको छ ।

भवन निर्माणको लागि पाल्पा लायन्स क्लब अफ पाल्पाले भुसालडाँडा क्षेत्रमा निःशुल्क जग्गा प्रदान गरेको छ । पाल्पाका ८ गाउँपालिकाले ५ लाखका दरले ४० लाख रुपैयाँ, २ वटा नगरपालिकाले १० लाख रुपैयाँका दरले २० लाख रुपैया अनुदान सहयोग गर्ने प्रतिबद्धता जनाएको रेडक्रस पाल्पाका पूर्व सभापति बुद्धिप्रसाद शर्माले बताए । ब्लड बैंकलाई सहयोग गर्नु भनेको हरेक व्यक्तिको जीवन बचाउन गरिएको महापून्य कार्य भएकोले सबैपक्षलाई सहयोगमा जोडिन पूर्व सभापति शर्माले अनुरोध गरे ।

कार्यक्रममा पत्रकारहरुले रेडक्रसले सञ्चालन गरेको महाअभियान निकै राम्रो भएकोले यसलाई सफल बनाउन पत्रकारहरुको पनि भूमिका रहेको बताएका थिए । पत्रकारहरुले उठाएका विभिन्न जिज्ञासाहरुको सभापति कार्की, पूर्व सभापति शर्मा र उपाध्यक्ष भिमसेन कार्कीले जवाफ दिएका थिए । आगामी ३ महिनाभित्र ब्लड बैंक सञ्चालन गर्ने तयारीका काम भइरहेको रेडक्रस पाल्पाले जनाएको छ ।

# डेंगु सङ्क्रमितको संख्या २७ हजारभन्दा बढी



बुटवल । देशभरका २७ हजारभन्दा बढी डेंगु सङ्क्रमितमध्ये आधा बिरामी गण्डकी प्रदेशमा देखा परेका छन् ।

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (इडीसीडी) को पछिल्लो तथ्याङ्क अनुसार देशभर डेंगु सङ्क्रमितको संख्या २७ हजार १५३ जनामध्ये गण्डकीमा प्रदेशका १३ हजार ६९८ जनामा डेंगु सङ्क्रमण देखा परेको हो । देशभर माघ यता डेंगु पुष्टि भएको संख्यामध्ये ५० प्रतिशत बिरामी यही प्रदेशमा छन् ।

यस्तै, बाग्मती प्रदेशका ८ हजार ४६१ जनालाई, कोशीका १ हजार ७०९ जनालाई, लुम्बिनीका १ हजार ४ सय, सुदूरपश्चिमका १ हजार ११८ जनालाई, मधेसमा ४६० जनालाई र कर्णालीका ३ सय ७ जनालाई डेंगु सङ्क्रमण भएको छ । यस्तै, जिल्लागत रूपमा सबैभन्दा बढी कास्कीमा ७ हजार ८० जनामा डेंगु सङ्क्रमण भएको छ । काठमाडौंमा ४ हजार ६० जनालाई, तनहुँका २ हजार १९९ जनालाई र ललितपुरमा १ हजार ६० जनालाई डेंगु सङ्क्रमण भएको छ । यस्तै, चितवनका १ हजार ५७ जनालाई बाग्लुङका ९५१ जनालाई, गोर्खामा ७९९ जनालाई, भक्तपुरमा ६२८ जनालाई र कैलालीमा ४२४ जनालाई डेंगु सङ्क्रमण भएको छ ।

देशभर ७७ मध्ये ७६ जिल्लामा डेंगु सङ्क्रमण भएको इडीसीडीले जनाएको छ । इडिसिडीका अनुसार देशभरका डेंगु सङ्क्रमितमध्ये ११ जनाको मृत्यु भएको छ ।

# 'सहकारी समस्या समाधान गर्न ७ क्षेत्रमा नीगित सुधार जरूरी'

बुटवल । सहकारी क्षेत्रमा देखिएका समस्या समाधान गर्न ७ क्षेत्रमा नीगित सुधार गर्नुपर्ने सम्बन्धित क्षेत्रका विज्ञहरुले औंल्याएका छन् । राष्ट्रिय सहकारी महासंघले आयोजना गरेको सहकारीका सवालसम्बन्धी नीति संवाद कार्यक्रम सातवटा क्षेत्रमा नीतिगत सुधार गर्नुपर्ने औंल्याइएको हो । सहकारी क्षेत्रमा उठेका नीगितगत, कानुनी, संरचनागत तथा वित्तीय एवं व्यवस्थापकीय सवालहरुको ठोस समाधानका लागि सरकारलाई सुझाव दिने उद्देश्यका साथ सरकार, सहकारीकर्मी र सरोकावाला निकायको साझा निस्कर्ष तय गर्ने उद्देश्यका साथ कार्यक्रम भएको हो ।

नीति संवादले सहकारीको स्वायत्ततालाई आत्मसाथ गर्दै संघ संस्थालाई स्वनियनमान र सुशासनमा सञ्चालनका लागि नियमनको एकीकृत ढाँचा तयार गर्दै महासंघ र संघहरुलाई जवाफदेही बनाउने नीतिगत व्यवस्था गर्ने निस्कर्ष निकालेको छ । साथै सहकारी व्यवसायमा बाधा पुऱ्याउने ऐन/नियमका दफा संशोधन गर्ने, सहकारीका प्रवर्द्धनात्मक व्यवस्था सञ्चालन गर्ने, प्रवर्द्धन कोष महासंघमार्फत् र स्थिरिकरण कोष प्रभावकारी रुपमा सञ्चालन गर्ने विषयमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले भूमिका निर्वाह गर्ने गरी निस्कर्ष निकालिएको महासंघका अध्यक्ष ओमदेवी मल्लले बताइन् । उत्पादन र सेवा विविधिकरणका लागि अवरोध रहेका अन्तरसम्बन्धित ऐनहरुलाई सहकारी मैत्री बनाउने विषयमा पनि सरकार र सहकारीकर्मीको साझा धारणा बनेको अध्यक्ष मल्लले जनाइन् ।

त्यसैगरी सहकारीको तहगत संरचनला पुनरावलोकन गर्ने, क्षमता विकास, अध्ययन अनुसन्धान र तथा तथ्यांक संकलनमा अनिवार्य गर्ने, सरकार, अभियान र सरोकारवाला निकायका नीति योजनाहरु कोप भिजन २०३० अनुरुप बनाउने, सहकारी संघ/संस्थामा कार्यकालको एकिन गर्न कानुनी व्यवस्था गर्ने, निस्कर्ष समेत निस्केको महासंघका वरिष्ठ उपाध्यक्ष रमेश पोखरेलले निस्कर्ष घोषणा गर्दै बताए ।

सदस्यहरुको बचत रकम फिर्ता गर्ने प्रक्रियालाई अगाडि बढाउन सरकार र सम्बन्धित निकायलाई जोड दिने निस्कर्ष निस्केको छ । समापन कार्यक्रमलाई सम्बोधन गर्दै भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव अर्जुन पोखरेलले संवादमार्फत् निस्केको निस्कर्षलाई आवश्यकता अनुसार महासंघ, केन्द्रीय संघहरुमा छलफलपछि कानुनी संरचना परिमार्जन गर्न सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गरे ।

सहकारी विभागको सह-आयोजनामा भएको कार्यक्रममा महासंघका पूर्वअध्यक्ष तथा पूर्व मन्त्री केशव बडाल, पूर्व अध्यक्ष दिपक प्रकाश बाँस्कोटा, निवर्तमान अध्यक्ष मिनराज कंडेलले मन्तव्य राखेका थिए । कार्यक्रममा सहकारीमा स्वनियमन र सुशासन नियामकीय आवश्यकता कति भन्ने विषयको बोर्डका सह-अध्यक्ष दवाडीले आफ्ना धारणा राखेका थिए भने सहकारी विभागका पूर्व रजिष्ट्रार केशव रेग्मीले कार्यपत्र प्रस्तुत गरे ।

# ३८ वर्षपछि विमान उडान

बाँके । कैलालीको टिकापुरमा सोमबार विमान परीक्षण उडान गरिएको छ । टिकापुर नगरपालिका वडा नं १ स्थित बसपार्क नजिकै रहेको टीकापुर विमानस्थलमा ३८ वर्षपछि विमान परीक्षण उडान गरिएको छ ।

आज टीकापुर विमानस्थलमा नेपाल वायुसेवा निगमको नाइन एन एबीयु नं. र तारा एयरको नाइन एन एइभी नं. को विमान परीक्षण उडान गरिएको हो ।

संस्कृती प्रयटन तथा नागरिक उडड्यन राज्यमन्त्री अरुणकुमार चौधरीले तिहार लगत्तै नियमित विमान सञ्चालन गरिने बताए । उनका अनुसार नियमित विमान सञ्चालन सुदूरपश्चिम प्रदेशको पहाडी जिल्लाहरूमा गरिनेछ ।

स्वर्गीय गृहमन्त्री खड्गबहादुर सिंहले वि सं २०४१ सालमा विमानस्थल सञ्चालनमा ल्याएका थिए । तीन वर्षसम्म नियमित सञ्चालनमा आएको विमानस्थल वि सं २०५२ पछिको द्वन्द्वकाल सुरु भएसँगै नियमित विमान सेवा रोकिएको थियो ।

झण्डै १८ बिघा जग्गामा निर्माण गरिएको उक्त विमानस्थलमा झण्डै चार दशक लाग्दै गर्दा उक्त विमान स्थलमा नियमित उडानका लागि आज नेपाल वायुसेवा निगम र तारा एयरको विमानले परीक्षण उडान गरेको छ ।

परीक्षणका लागि टीकापुर विमानस्थलमा नेपाल ऐरलायेन्सको विमानलाई लिएर क्याप्टेन मनिष विष्ट, उज्ज्वल सिलवालसहित म्यानेजर ज्ञानेन्द्र भूल इञ्जिनियर सम्राट प्रधान, सुरेन्द्रप्रसाद यादव, युवराज रिजाल, एयरहोस्टेज डिम्पल भट्टराई एटिसी राजु महतोसहित १२ जनाको टोली आएको थियो ।


हार्दिक शुभकामना

शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण शिक्षक, अभिभावक, विद्यार्थी, कर्मचारी, शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

कृष्ण के.सी. प्रिन्सिपल

शिव बन्जाडे अध्यक्ष

युनाइटेड स्टुडेण्ट . एकेडेमी परिवार

वाणगंगा-८, चप्परगाउँ, कपिलवस्तु


## शुद्धोधन गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

मानपकडी, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल

### गोरखनाथ ताल क्षेत्रेको स्तरोन्नलत कार्य प्रस्तावको प्रारम्भिक वातावरणी परिक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना ।

प्रकाशित मितिः २०८१/०७/१३

लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला, शुद्धोधन गाउँपालिका द्वारा देहाय बमेजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नामः शुद्धोधन गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय<br>ठेगानाः मानपकडी, रुपन्देही, लुम्बिनी प्रदेश<br>ईमेलः suddhodhanrmun@gmail.com,<br>वेबसाईटः https://suddhodhanmunrupandehi.gov.np/<br>फोन नं.: +०७१-४२३०४० |
| प्रस्तावको व्यहोरा | शुद्धोधन गाउँपालिका वडा न. ०१ मा अवस्थित गोरखनाथ ताल क्षेत्रको स्तरोन्नति,परिवेश क्षेत्र सरसफाई गरि तालको परिधि क्षेत्रमा फूटपाथ निर्माण गर्ने कार्य |
| प्रभाव पर्न सक्ने क्षेत्र | रुपन्देही जिल्ला, शुद्धोधन गाउँपालिका वडा नं. ०१ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीहरु बीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकिन गर्न शुद्धोधन गाउँपालिका १ नं. वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिन भित्र देहायमा उल्लिखित ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | श्री शुद्धोधन गाउँपालिका, मानपकडी, रुपन्देही, लुम्बिनी प्रदेश<br>suddhodhanrmun@gmail.com, फोन नं. ०७१-४२३०४० |
| परामर्शदाताको नाम र ठेगाना | प्रिसिजन सिभिल कन्सल्टेन्सी, तिलोत्तमा-०१, रुपन्देही,<br>फोन नं. ९८४७५३८५७५ |


सुठौली भन्सार कार्यालयको अनुरोध

-भन्सार ठगी नगरौं,

- चोरी तस्करी नगरौं,

-प्रत्येक सामानको भन्सार गरौं ।

अनुरोधक

सुठौली भन्सार कार्यालय

यशोधरा गाउँपालिका, कपिलवस्तु

ट्वाइलेट सफा गराउनुहोस्

बुटवल सेनेटरी प्रा.लि.

९७४५४०५९७३, ९८०७४०९८५२

सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।

मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५

शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३

रियुस सेनेटरी ९८११४२८७३०

रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

प्रो. मञ्जु एण्ड सन्स्

फोन: ०७१-५३५३१७

९८५७०६०३६८, ९८५७०६०३८४

न्यू कुमकुम ज्वेलर्स

वि.पि. चोक, बुटवल-४, रुपन्देही

विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित

स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल

पुराना गहनाहरू संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधैं हामीलाई सम्झनुहोस्

सम्पर्क:

आइडिया डिजाइनर्स/अफसेट प्रेस

बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)

यातायात मजदूर संघको भवनमा

फोन:–०७१–५५०२९३

मो.९८५७०३५३८०,९८४७१२३९५७

E-mail:ideapressbtl@gmail.com



सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा

प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com